# नेत्रज्योति संघ 43 औं वर्षमा प्रवेश, आँखा सेवा अझै विस्तार गर्दै लाने प्रतिवद्धता

हेल्थ टिभी अनलाइन 163 Views




**हेल्थ टिभी अनलाइन\ काठमाडौं :** नेपाल नेत्रज्योति संघले आफ्नो 43 औं वार्षिकोत्सव मनाएको छ । 'अन्धोपन निवारण हाम्रो जिम्मेवारी, आँखा सेवामा गरौं साझेदारी' भन्ने नाराका साथ संघले वार्षिकोत्सव मनाएको हो ।

शुक्रबार दिवसको अवसरमा एक कार्यक्रम गर्दै संघले कोरोना महामारीमा आँखा सेवा ठप्प नपारेको भए पनि सेवा लिन आउनेको संख्या भने कम भएको जनाएको छ । कोरोनाका कारण भएको लकडाउन र त्यसले पारेको असरका कारण 3 \4 महिना सेवा प्रभावित भए पनि अहिले भने नियमित रुपमा सेवा शुरु भएको संघका

अध्यक्ष डा चेतराज पन्तले जानकारी दिए । उनले कोरोना महामारीका कारण विशेष गरी भारतबाट आउने बिरामी आउन नसक्दा आँखाको शल्यक्रियामा 45 प्रतिशतले र उपचार सेवामा लगभग 60 प्रतिशतले कमी आएको समेत जिकीर गरे । उनले यो वर्ष घटेको संख्या अब दुई गुणालाई सेवा दिनुपर्ने चुनौति थपिएको समेत जिकीर गरे ।

हाल नेत्रज्योति संघले 21 वटा आँखा अस्पताल र 126 वटा आँखा उपचार केन्द्र मार्फत सेवा प्रदान गर्दै आइरहेको छ । सन् 2019 मा संघ मातहतका आँखा अस्पताल तथा उपचार केन्द्र मार्फत 33 लाख 23 हजार 44 जनाले आँखाको उपचार गराएको र 2 लाख 65 हजार 978 जनाको आँखाको शल्यक्रिया गरिएको थियो । तर सन् 2020 मा भने कोरोनाका कारण एक वर्षमा जम्मा 13 लाख 17 हजार 632 जनाले मात्र उपचार गराएको र 1 लाख 21 हजार 362 जनाले आँखाको शल्यक्रिया गरेको संघले जनाएको छ ।

स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा अध्यक्ष पन्तले संघले आँखा स्वास्थ्यका क्षेत्रमा धेरै काम गरेको भए पनि अझै पनि धेरै काम गर्न बाँकी भएको बताए । उनले अबको 5 वर्षभित्र सबै स्थानीय तहसम्म आँखा उपचार केन्द्र स्थापना गर्ने लक्ष्य लिएको समेत जनाए । उनले भने, ‘आँखाको सामान्यदेखि एडभान्स प्रकारका सबै सेवा सर्वसाधारणको नजिकको स्वास्थ्य संस्थामा होस भन्ने हाम्रो चाहना हो । त्यसका लागि काम गर्नुपर्नेछ ।’ उनले अबको 5 वर्षमा सरकारसँग साझेदारी र समन्वय गर्दै 677 वटा आँखा उपचार केन्द्र स्थापना गर्ने र 22 वटा आँखा उपचार केन्द्रलाई सेकेन्डरी लेबलको आँखा अस्पतालमा स्तरोन्नती गर्ने लक्ष्य लिएको जिकीर गरे ।

नेपाल नेत्रज्योति संघ आँखा स्वास्थ्यमा काम गर्ने गैर सरकारी संस्था भए पनि यसले नेपालको आँखा स्वास्थ्यको क्षेत्रमा यो 42 वर्षमा उल्लेखनीय काम गरेको छ ।